**कार्यपालिका वैठक नं.८ आ.व.२०८१- ०८२ (२०८१/१०/११**

आज मिति २०८१/१०/११ गतेका दिन बिहान ८ : ०० बजेको समयमा आँबुखैरेनी गाउँपालिकाका अध्यक्ष श्री शुक्र चुमानज्युको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसियो ।

**उपस्थिती**

| क्र.स. | पद | नामथर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | शुक्र चुमान | |
| २ | उपाध्यक्ष | दुर्गा अर्याल | |
| ३ | सदस्य | प्रेम बहादुर गुरुङ | |
| ४ | सदस्य | आस बहादुर गुरुङ | |
| ५ | सदस्य | दिनेश के.सी. | |
| ६ | सदस्य | मिलन भुजेल | |
| ७ | सदस्य | सन्तोष गुरुङ | |
| ८ | सदस्य | दिलिप गुरुङ | |
| ९ | सदस्य | बसुन्धरा गौली | |
| १० | सदस्य | सम्झना सुनार | |
| ११ | सदस्य | शुशिला नेपाली | |
| १२ | सदस्य | सुन कुमारी गुरुङ | |
| १३ | सदस्य | गंगा वि.क. | |
| १४ | सदस्य | भुगोल वि.क. | |
| १५ | सदस्य सचिव | विष्णु प्रसाद शर्मा | |
| १६ | प्रशा. सहायक | अपेक्षा भेटवाल | |
| १७ | का. सहयोगी | निर्मला ढकाल | |
| १८ | | | |

**कार्यपालिका वैठक नं.८ आ.व.२०८१- ०८२ (२०८१/१०/११ का प्रस्तावहरु :**

१. समिक्षा सम्वन्धमा ।

२. संस्थागत क्षमता स्वमूल्याङ्कन प्रारम्भिक नतिजा सम्वन्धमा ।

३. घटना दर्ता सम्वन्धमा ।

४. बालमैत्री गाउँपालिका निर्माण सम्वन्धमा ।

५. कार्यविधी स्वीकृत गर्ने सम्वन्धमा ।

६. गाउँपालिका स्थापना दिवश कार्यक्रम सम्वन्धमा ।

७. छिम्केश्वरी पर्यटन विकास सम्वन्धमा ।

८. वन उपभोक्ता समिति व्यवस्थापन सम्वन्धमा ।

९. दोस्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम सम्वन्धमा ।

१०. विपद व्यवस्थापन सम्वन्धमा ।

११. प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन स्वीकृत गर्ने सम्वन्धमा ।

१२. साहित्यिक विकास कार्यक्रम एवं वाङमय परिषद सञ्चालन कार्यक्रम सम्वन्धमा ।

१३. प्रधानमन्त्री रोजगार कार्यक्रमहरु सम्वन्धमा ।

१४. वालमैत्री स्थानीय शासन गाउँसमिति निर्माण सम्वन्धमा ।

१५. वालमैत्री स्थानीय शासन सम्वन्धी अभिमुखीकरण कार्यक्रम सम्वन्धमा ।

१६. विविध सम्वन्धमा ।

Scanned with CamScanner

**कार्यपालिका बैठक नं.८ आ.व.२०८१- ०८२ (२०८१/१०/११ का निर्णयहरु :**

**निर्णय नं. १ : समिक्षा सम्बन्धमा ।**
क) अघिल्लो कार्यपालिकाको बैठकबाट गरिएका निर्णयहरुको कार्यान्वयन सम्वन्धमा छलफल तथा समीक्षा गरियो ।

ख) यस आँबुखैरेनी गाउँपालिका अर्न्तगत वडा कार्यालयहरु, शाखाहरु,आँबुखैरेनी अस्पताल, स्वास्थ्य सँस्थाहरुबाट पेश हुन आएको पुस महिनाको प्रगति प्रतिवेदनहरुउपर छलफल गरि गाउँपालिकाको वेभसाइट र प्रवक्तामार्फत सार्वजनिक गर्ने निर्णय गरियो ।

ग) प्रमुख प्रशासकिय अधिकृतले पेश गर्नुभएको कार्यालयको पुस महिनाको आम्दानी खर्च प्रतिवेदन (सुत्र अनुसार) उपर छलफल गरि गाउँपालिकाको वेभसाइट र प्रवक्तामार्फत सार्वजनिक गर्ने निर्णय गरियो

**निर्णय नं. २ : लीजा प्राप्ताङ्क पृष्ठपोषणको लागि पेश गर्ने सम्वन्धमा ।**
स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधी, २०७७ वमोजिम यस आँवुखैरेनी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालयको आर्थिक वर्ष २०८०/०८१ को संस्थागत क्षमता स्वमूल्याङ्कन गरी प्राप्त भएको प्रारम्भिक नतिजा पृष्ठपोषणको लागि लिजा प्राणाली मार्फत जिल्ला समन्वय समितिको कार्यालय, तनहुँमा पेश गर्ने निर्णय गरीयो ।
**तपशिल :**

| क्र.सं. | विषय सूचक | कुल अंकभार | प्राप्ताङ्क |
|---|---|---|---|
| १. | शासकिय प्रवन्ध | ९ | |
| २. | संगठन तथा प्रशासन | ८ | |
| ३. | वार्षिक बजेट तथा व्यवस्थापन | ११ | |
| ४. | वित्तिय एवम् आर्थिक व्यवस्थापन | १६ | |
| ५. | सेवा प्रवाह | ७ | |
| ६. | न्यायिक कार्य सम्पादन | १३ | |
| ७. | भौतिक पूर्वाधार | १० | |
| ८. | सामाजिक समावेशीकरण | ९ | |
| ९. | वातावरण संरक्षण तथा विपद व्यवस्थापन | ६ | |
| १०. | सहकार्य र समन्वय | ६ | |
| | कुल | १०० | ९९ |

**निर्णय नं. ३ : घटना दर्ता (जन्मदर्ता) सम्बन्धमा ।**
यस आँबुखैरेनी गाउँपालिकामा समयमा नै घटना दर्ता समयमा नै नगर्ने जस्ता समस्या हरु हाल सम्म पनि विद्यमान भएको र सो को कारण पालिकाले उपलब्ध गराउने विभिन्न सेवा सुविधाहरुबाट पनि वञ्चित

Scanned with CamScanner

हुनुपर्ने समस्या भएको कारण सो समस्या समाधानको लागि तपशिल बमोजिमका कार्यहरु गर्ने निर्णय गरियो ।

<u>तपशिल</u>

- सम्वन्धित वडा कार्यालयहरुले जनचेतना जगाउने कार्यक्रमहरु सञ्चालन गर्ने ।
- सम्वन्धित वडा कार्यालयहरुले आफ्नो वडाका स्वास्थ्य केन्द्रहरुसँग समन्वय गरि सुत्केरी हुने अवस्थामा रहेका महिलाहरुको डाटा संकलन, उनीहरुको स्वास्थ्य पहुँचको अवस्थाको विषयमा जानकारी लिई आँबुखैरेनी अस्पतालसँग निरन्तर समन्वयमा रहने र आपतकालीन सेवा सम्वन्धमा तैयार रही सुरक्षित सुत्केरी गराउन सहजीकरण गर्ने ।
- वडाहरुमा सुत्केरी भएका महिलाहरुको डाटा संकलन गरि स्वास्थ्य स्वयंसेविकाहरु मार्फत ३५ दिन भित्र जन्मदर्ता गराउनको लागि सचेत गराउने र ३५ दिनभित्र जन्मदर्ता गराउने सुत्केरी महिलाहरु र सहजीकरण गर्ने स्वास्थ्य स्वयंसेविकाहरुलाई प्रोत्साहन गर्नको लागि थप सेवा सुविधा उपलब्ध गराउने निर्णय गरियो ।
- विद्यालयमा अध्ययनरत तर विविध कारणवश हालसम्म जन्मदर्ता नगरेका विद्यार्थीहरुलाई सम्वन्धित वडा कार्यालयहरुले र विद्यालयहरु सँग समन्वय गरि विद्यालयमा नै गई जन्मदर्ता गराउने र सो क्रममा विपन्न नागरीकहरुलाई समयमा नै घटना दर्ता नगरेकोले लाग्ने जरिवाना शुल्क छुट गराउने निर्णय गरियो ।
- आम जनसमुदाय तथा अभिभावकहरुलाई व्यक्तिगत घटना दर्ता सम्वन्धि सचेतना गराई आगामी आ.व.मा शतप्रतिशत रुपमा शिशु जन्मेको ३५ दिनभित्र घटना दर्ता गराउने निर्णय गरियो ।

<u>निर्णय नं. ४ : बालमैत्री गाउँपालिका निर्माण सम्बन्धमा ।</u>

यस आँबुखैरेनी गाउँपालिकालाई बालमैत्री गाउँपालिका घोषणा गर्नको लागि तपशिल बमोजिमको कार्यहरु गर्ने निर्णय गरियो ।

<u>तपशिल :</u>

- यस पालिकाका सम्पुर्ण वडाहरुले बालमैत्री वडा घोषणा गर्नको लागि पुरा गर्नुपर्ने सुचकहरु पुरा गरी बालमैत्री चैत्र मशान्त सम्म सम्पुर्ण वडाहरुलाई बालमैत्री घोषणा गर्ने र असार मशान्त सम्ममा गाउँपालिकालाई बालमैत्री गाउँपालिका घोषणा गर्न आवश्यक कार्यहरु निर्णय गरियो ।
- सवैभन्दा पहिला बालमैत्री घोषणा गर्ने वडालाई आगामी आर्थिक वर्षको वजेट विनियोजनमा थप १० लाख रकमको कार्यक्रम थप गरी सम्मान गर्ने र बजेट विनियोजनमा प्राथमिकता दिने निर्णय गरियो ।

<u>निर्णय नं. ५ : कार्यविधि स्वीकृत सम्बन्धमा ।</u>

यस आँबुखैरेनी गाउँकार्यपालिकाको स्वीकृत नीति तथा कार्यक्रमहरु बमोजिमका योजना तथा कार्यक्रमहरु नियम संगत तथा व्यवस्थित तरिकाले सञ्चालन गर्नका लागि निर्माण गरी पालिकाको विधायन समितिबाट निर्णय भई स्वीकृतिको लागि पेश भएका तपशिल बमोजिमका कार्यविधिहरु उपर छलफल गरी उक्त ऐन, नियमावली तथा कार्यविधिहरु संविधानमा उल्लेखित स्थानीय सरकारको अधिकार भित्रका कार्यहरुसँग सम्वन्धित रहेको र यस्को निर्माण गर्दा संघीय र प्रदेश कानूनसँग प्रतिकूल नभएको, स्वच्छ न्यायपूर्ण तथा तर्कसङ्गत देखिएको, निर्माण गरिएको ऐन, नियमावली तथा कार्यविधिहरु व्यवहारिक रुपमा जनताको घरदैलोमा लागु भई कार्यान्वयन हुन सक्ने पाइएको तथा कार्यविधि कार्यान्चयनका लागि आवश्यक आर्थिक श्रोत तथा संस्थागत संरचनाको व्यवस्था भएको पाइएकोले तपशिलका ऐन, नियमावली तथा कार्यविधिहरु स्वीकृत गर्ने निर्णय गरियो ।

<u>तपशिल :</u>

क) सेवा करार पदपूर्ती सम्वन्धी कार्यविधी, २०७८ संशोधन ।

ख) दुग्ध व्यवसाय प्रवर्द्धन कार्यक्रम कार्यविधी, २०८१ ।

Scanned with CamScanner

**निर्णय नं. ६ : गाउँपालिका स्थापना दिवश मनाउने सम्बन्धमा ।**

यहि मिति २०८१ साल फागुन २७ गते विभिन्न रचनात्मक कार्यक्रमहरु सञ्चालन गरि गाउँपालिका स्थापना दिवश मनाउने निर्णय गरियो । उक्त कार्यक्रममा पालिकाका विशेषगरी नमुनायोग्य, उद्यमशील महिलाहरुलाई सम्मान गर्ने निर्णय गरियो । सो को लागि वडाहरुले आफ्नो वडाका सम्मान गर्नुपर्ने महिलाहरुलाई सम्मान गर्नुपर्ने कारण खुलाई माघ मशान्त भित्र नामावली पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७ : छिम्केश्वरी पर्यटन विकास सम्बन्धमा ।**

संघीय सरकार (पर्यटन विभाग) बाट विनियोजी रकम रु.१ करोड रुपैंया मात्रको अख्तियारी प्राप्त भएको हुँदा तपशिल बमोजिम कार्यान्वयन गर्ने निर्णय गरियो ।

**तपशिल**

क) छिम्केश्वरी पर्यटन विकास समिति मार्फत कार्यान्वयन हुने गरी रु.९० लाख बाट छिम्केश्वरी मन्दिर र बुढीमाई मन्दिर परिसरमा धार्मिक तथा पर्यटकीय पूर्वाधारहरु निर्माण गर्ने ।

ख) रु.१० लाख रकमबाट पृथ्वी राजमार्गबाट छिम्केश्वरी जाने सडकको प्रवेशद्धारमा गेट लगायत उक्त मार्गमा आवश्यक विविध पर्यटन पूर्वाधारहरु निर्माण गर्ने । साथै
सम्बन्धित वन समितीहरुसँग समन्वय गरि काठहरु संकलन गरी काठैकाठको मन्दिर, सत्तल, आदि निर्माण गर्ने निर्णय गरियो ।

ग) सोहि योजनाको कन्टनजेन्सी शिर्षकवाट छिम्केश्वरी पर्यटन विकास सम्वन्धि आवश्यक परामर्श सेवामा खर्च गर्ने निर्णय गरीयो ।

**निर्णय नं. ८ : वन उपभोक्ता समिति सम्बन्धमा ।**

यस गाउँपालिका अर्न्तगत रहेका वन उपभोक्ता समितिहरुलाई थप व्यवस्थित गर्नको लागि तपशिल वमोजिमको कायहरु गर्ने निर्णय गरियो ।

**तपशिल :**

- गाउँपालिकाले लेखापरिक्षकको व्यवस्था गरि सम्पुर्ण वन उपभोक्ता समितिहरुको लेखापरिक्षण गर्ने/गराउने ।
- वन उपभोक्ता समितिले गाउँपालिकाको कार्यालयलाई बुझाउनुपर्ने १० प्रतिशत राजश्व दाखिला को लागि पत्राचार गर्ने/गराउने ।
- वन उपभोक्ता समितिहरुको कोष खडा गर्नको लागि सचेत गराउने ।
- वन उपभोक्ता समिति तथा पालिकामा रहेका सहकारी सँस्थाहरुको प्रभावकारी अनुगमन निरीक्षण गर्ने ।

**निर्णय नं. ९ : दोस्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम सम्बन्धमा ।**

यस गाउँपालिकाको कार्यालय, तथा पालिका मातहतका वडा कार्यालयहरु, आँबुखैरेनी अस्पताल तथा स्वास्थ्य सँस्था लगायतका कार्यालहरुवाट आर्थिक वर्ष ०८२/८२ दोस्रो चौमासिक अवधिमा सम्पन्न गरेका विकास निर्माणका कार्य तथा सेवा प्रवाह सम्बन्धमा नागरीकहरुलाई सुसूचित गराउने र नागरिकहरुवाट पृष्ठपोषण प्राप्त गर्ने उद्येश्यले पालिकाको दोस्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

निर्णय नं. १० : विपद व्यवस्थापन सम्बन्धमा ।

क) यस आँबुखैरेनी गाउँपालिका वडा नं. १ अर्न्तगत पर्ने बरादी अकला मन्दिरको पूर्वपट्टी निर्माण भएको शव दहन स्थलमा वर्षादको कारण बाढी आई क्षतिग्रस्त बनाएको हुँदा उक्त क्षति रोकथामको लागि शवदहन संरक्षणको लागि अकला बरादी आमा समुहद्धारा ग्याविन जालि उपलब्ध गराईदिन भनि पेश भएको निवेदन उपर छलफल गरी अकला बरादी आमा समुह र यस आँबुखैरेनी गाउँपालिकाको साझेदारीमा उक्त जोखिम नियन्त्रण तथा विपद व्यवस्थापन गर्ने निर्णय गरियो ।

सोहि अनुरुप गाउँपालिकाद्धारा विपद व्यवस्थापन कोषबाट खर्च हुनेगरि प्राविधिक स्टीमेट बमोजिम १५ थान ग्याविन जाली उपलब्ध गराउने र उक्त ग्याविन जाली भर्ने र तटबन्धन को लागि लाग्ने श्रमिक खर्च व्यवस्थापन सम्बन्धित आमा समुहले गर्ने गरि सो शवदहन संरक्षण/विपद व्यवस्थापन गर्ने निर्णय गरियो ।

ख) यस आँबुखैरेनी गाउँपालिका वडा नं. २ र ३ स्थित मिलनचोक जरेबर खानेपानी तथा सरसफाई उपभोक्ता समितिको पानी प्रभावित क्षेत्र भित्र सडकको दायाँ बायाँ सडक विस्तार तथा कालोपत्रे र नाला विस्तार कार्य गर्दा खानेपानी पाईपहरु क्षतिग्रस्त भई खानेपानी विस्तारमा समस्या भएकोले प्राविधिक स्टीमेट बमोजिम जनशक्ति सम्बन्धित समिति र पाईप को लागत खर्च पालिकाले व्यहोर्ने गरी उपभोक्ता समिति र कार्यालयको साझेदारीमा श्री मिलनचोक जरेबर खानेपानी तथा सरसफाई उपभोक्ता समिति, आँबुखैरेनी २ र ३ को खानेपानी व्यवस्थापनको लागि प्राविधिक स्टीमेट बमोजिम २,६१,५६९ रुपैंयमा मात्र बराबरको तपशिल बमोजिमको सामग्रीहरु उपलब्ध गराउने निर्णय गरियो ।

तपशिल :

| क्र.सं. | सामग्रीको नाम | स्पेशिफिकेशन | इकाई | परिमाण | कैफियत |
|---|---|---|---|---|---|
| १ | खानेपानी पाइप | SDR 11, Outer Dia 40mm,PN 12.5 | मि. | ४०० | |
| २ | खानेपानी पाइप | SDR 11, Outer Dia 50 mm,PN 12.5 | मि. | ३०० | |
| ३. | खानेपानी पाइप | SDR 11, Outer Dia 75mm,PN 12.5 | मि. | ३०० | |

निर्णय नं. ११ : प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत गर्ने सम्बन्धमा ।

आँबुखैरेनी गाउँपालिका भएर बग्ने मर्स्याङ्दी नदी, सेती नदी, रोदी खोला र सिर्दी खोलाको बगर क्षेत्रबाट ढुङ्गा गिटी तथा बालुवाको दिगो सङ्कलन/उत्खनन् कार्यका लागि पालिकाको प्रस्तावमा एम्विएस कन्सल्ट प्रा.लि.ले पेश भएको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरीयो । साथै सो को भुक्तानी गाउँकार्यपालिकाको स्वीकृत सेवा परामर्श खर्च शिर्षकबाट दिने निर्णय गरीयो ।

निर्णय नं. १२ : साहित्यिक विकास कार्यक्रम एवं वाङमय परीषद सञ्चालन कार्यक्रम सम्बन्धमा ।

यस आँबुखैरेनी गाउँपालिका अर्न्तगत वाङमय परिषदद्धारा फागुन १ गते जनयुद्ध दिवशका दिन महान जनयुद्ध र संघीय लोकतान्त्रिक गणतन्त्र विषयक विचार गोष्ठी कार्यक्रम सञ्चालन गर्नको लागि पेश भएको प्रस्ताव सम्बन्धमा छलफल गरी उक्त कार्यक्रम सञ्चालन गर्नको लागि गाउँकार्यपालिकाको स्वीकृत साहित्यिक विकास कार्यक्रम एवं वाङमय परीषद सञ्चालन खर्च शिर्षकबाट भुक्तानी हुनेगरी जम्मा रु.२,२१,०००/- (अक्षररुपी दुई लाख एक्काइस हजार रुपैंया मात्र ।) विनियोजन गर्ने निर्णय गरीयो ।

Scanned with CamScanner

**१३. प्रधानमन्त्री रोजगार कार्यक्रमहरु सम्बन्धमा ।**

यस आँबुखैरेनी गाउँपालिकामा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत तपशिल बमोजिमका योजना कार्यक्रमहरु स्वीकृत गरी सञ्चालन गर्ने निर्णय गरीयो ।

**तपशिल :**

| | | |
|---|---|---|
| **पालिका स्तरीय योजना :** | | |
| क) ऐनापार्क संरक्षण र पोखरी निर्माण तथा सरसफाई योजना | | |
| **वडा नं. १** | | |
| **क.सं** | **योजनाको नाम** | **विनियोजित रकम** |
| १. | वरडाँडा चौतारो मर्मत योजना । | १,००,०००/- |
| २. | सत्रसयबाट तिलडाँडासम्म सडकनाला सरसफाई योजना । | ५०,०००/- |
| ३. | बरादीवाट समस्तीपुर सम्म सडकनाला सरसफाई योजना । | ५०,०००/- |
| | **जम्मा :** | **२,००,०००/-** |
| **वडा नं. २** | | |
| **क.सं** | **योजनाको नाम** | **विनियोजित रकम** |
| १. | अदुवाखर्क किरियापुत्री भवन निर्माण योजना । | १,००,०००/- |
| २. | पौवागाउँ चौतारा निर्माण योजना । | १,००,०००/- |
| | **जम्मा** | **२,००,०००/-** |
| **वडा नं. ३** | | |
| **क.सं** | **योजनाको नाम** | **विनियोजित रकम** |
| १. | आँबुगाउँ देखि छिम्केश्वरी थपना मन्दिर गोरेटो बाटो अपुरो योजना । | २,००,०००/- |
| **वडा नं. ४** | | |
| **क.सं** | **योजनाको नाम** | **विनियोजित रकम** |
| १. | भाँगे समर टोल देखि छिम्केश्वरी मा.विं.सम्मको गोरेटो बाटो निर्माण योजना । | १,००,००० /- |
| २. | चण्डेश्वरी आ.वि.जाने गोरेटो बाटो निर्माण योजना । | १,००,०००/- |
| ३. | दुवा वेशी देखि वेलडाँडा सम्मको गोरेटो बाटो निर्माण योजना । | २,००,०००/- |
| ४. | ठुलढुङ्गी देखि वेलडाँडा सम्मको गोरेटो बाटो निर्माण योजना । | २,००,०००/- |
| | **जम्मा** | **६,००,०००/-** |
| **वडा नं. ५** | | |
| **क.सं** | **योजनाको नाम** | **विनियोजित रकम** |
| १. | लाकपाके- सानोभञ्ज्याङ सडक ढलान योजना । | ४,००,०००/- |
| २. | छिम्केश्वरी मन्दिरमा पानी संरक्षणका लागि पोखरी निर्माण योजना | १,००,०००/- |
| **वडा नं. ६** | | |
| **क.सं** | **योजनाको नाम** | **विनियोजित रकम** |
| १. | हिलेखर्क-डुम्रीखर्क मोटरबाटो ढलान योजना । | ४,००,०००/- |

Scanned with CamScanner

**१४. बालमैत्री स्थानीय शासन गाउँसमिति निर्माण सम्बन्धमा।**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम स्थानीय शासन प्रवर्द्धन गरी बालमैत्री वडा/स्थानीय तह घोषणा गर्ने जिम्मेवारी प्रदान गरेको हुँदा उक्त कार्य गर्नको लागि बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८, परिच्छेद ६, (१.६) अनुसार तपशिल बमोजिमको बालमैत्री स्थानीय शासन गाउँसमिति गठन गर्ने निर्णय गरीयो।

**तपशिल :**

| क्र.सं. | पद | नामथर | संस्था |
|---|---|---|---|
| १ | अध्यक्ष | शुक्र चुमान | अध्यक्ष-आँबुखैरेनी गाउँपालिका-तनहुँ। |
| २. | उपाध्यक्ष | दुर्गा अर्याल | उपाध्यक्ष-आँबुखैरेनी गाउँपालिका-तनहुँ। |
| ३. | सदस्य | विष्णु प्रसाद शर्मा | प्रमुख प्रशासकिय अधिकृत, आँबुखैरेनी गाउँपालिका-तनहुँ |
| ४. | सदस्य | प्रेम बहादुर गुरुङ | वडाअध्यक्ष-वडा नं.१, आँबुखैरेनी गाउँपालिका-तनहुँ। |
| ५. | सदस्य | आस बहादुर गुरुङ | वडाअध्यक्ष-वडा नं.२, आँबुखैरेनी गाउँपालिका-तनहुँ। |
| ६. | सदस्य | दिनेश के.सि. | वडाअध्यक्ष-वडा नं.३, आँबुखैरेनी गाउँपालिका-तनहुँ। |
| ७. | सदस्य | मिलन भुजेल | वडाअध्यक्ष-वडा नं.४, आँबुखैरेनी गाउँपालिका-तनहुँ। |
| ८. | सदस्य | सन्तोष गुरुङ | वडाअध्यक्ष-वडा नं.५, आँबुखैरेनी गाउँपालिका-तनहुँ। |
| ९. | सदस्य | दिलिप गुरुङ | वडाअध्यक्ष-वडा नं.६, आँबुखैरेनी गाउँपालिका-तनहुँ। |
| १०. | सदस्य | गंगा वि.क. | कार्यपालिका सदस्य, आँबुखैरेनी गाउँपालिका-तनहुँ। |
| ११. | सदस्य | सुशीला नेपाली | कार्यपालिका सदस्य, आँबुखैरेनी गाउँपालिका-तनहुँ। |
| १२. | सदस्य | वसुन्धरा गौली | कार्यपालिका सदस्य, आँबुखैरेनी गाउँपालिका-तनहुँ। |
| १३. | सदस्य | सम्झना सुनार | कार्यपालिका सदस्य, आँबुखैरेनी गाउँपालिका-तनहुँ। |
| १४. | सदस्य | भुगोल वि.क. | कार्यपालिका सदस्य, आँबुखैरेनी गाउँपालिका-तनहुँ। |
| १५. | सदस्य | सुन कुमारी गुरुङ | कार्यपालिका सदस्य, आँबुखैरेनी गाउँपालिका-तनहुँ। |
| १६. | सदस्य | अगमराज उपाध्याय | स्वास्थ्य शाखा प्रमुख, आँबुखैरेनी गाउँपालिका तनहुँ। |
| १७. | सदस्य | सुष्मा वेलवासे | महिला बालबालिका शाखा प्रमुख, ,, , |
| १८. | सदस्य | इश्वर भण्डारी | खानेपानी/सरसफाई शाखा प्रमुख |
| १९. | सदस्य | | संघ संस्था शाखा प्रमुख |
| २०. | सदस्य | तुलसा खनाल | लायन्स क्लव |
| २१. | सदस्य | बाबुराम भट्ट | एभरेष्ट लर्निङ एकेडेमी प्रमुख |

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| २२. | सदस्य | इश्वर बाबु गौली | मित्रता मा.वि.व्यवस्थापन समिति अध्यक्ष |
| २३. | सदस्य | अनिल श्रेष्ठ | आँबुखैरेनी अस्पताल व्यवस्थापन समिति सदस्य |
| २४. | सदस्य | पम्फा लामिछाने | महिला शिक्षिका |
| २५. | सदस्य | विमला श्रेष्ठ | महिला स्वास्थ्य स्वयंसेविका |
| २६. | सदस्य | | वाल सञ्जाल अध्यक्ष |
| २७. | सदस्य | | वाल सञ्जाल |
| २८. | सदस्य | रजनी चुमान | अध्यक्ष, सहकारी टोल विकास सँस्था । |
| २९. | सदस्य | टेक प्रसाद सुवेदी | प्रमुख, ईलाका प्रहरी कार्यालय, आँबुखैरेनी । |
| ३०. | सदस्य सचिव | निर्मला कुँवर | शिक्षा शाखा प्रमुख । |

**निर्णय नं. १५ : बालमैत्री स्थानीय शासन सम्बन्धी अभिमुखिकरण कार्यक्रम सम्बन्धमा ।**

यस आँबुखैरेनी गाउँपालिकाको बालमैत्री स्थानीय शासन गाउँसमिति, विद्यालयका प्र.अ., स्वास्थ्य सँस्थाका प्रमुख, शाखा प्रमुख साथै सम्पुर्ण जनप्रतिनिधीहरुको सहभागीता गराई वालमैत्री स्थानीय शासन सम्वन्धी २ दिने अभिमुखिकरण कार्यक्रम यहि महिनाको ३० गतेका दिनदेखि सञ्चालन गर्ने निर्णय गरीयो साथै उक्त कार्यक्रमको लागि गाउँकार्यपालिकाको स्वीकृत बालमैत्री, वातावरणमैत्री वडा गाउँपालिका घोषणा कार्यक्रम खर्च शिर्षकबाट भुक्तानी हुनेगरी जम्मा रु.१,००,०००।-(अक्षररुपी एक लाख रुपैँया मात्र ।) बजेट विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १६ : विविध सम्बन्धमा ।**

**क) पुस महिनाको इन्धन खर्च भुक्तानी सम्बन्धमा ।**

यस आँबुखैरेनी गाउँपालिका कार्यालयमा रहेको गाउँपालिका भित्रको फोहोर संकलन, आँबुखैरेनी अस्पताल प्रयोजनार्थ एम्बुलेन्स सञ्चालन तथा कार्यालयको कामकाजको लागि विभिन्न मितिमा जनप्रतिनिधी तथा कर्मचारीहरुलाई विभिन्न स्थानहरुमा जाने प्रयोजनको लागि प्रयोग गरेबापत पालिकाको सवारी साधनमा प्रयोग गरेका इन्धन उपलब्ध गराए बापतको पुस महिनामा जम्मा खर्च रकम रु.- ३,३१,०९३ /-(अक्षररुपी तीन लाख एकतीस हजार त्रियानब्वे रुपैँया मात्र ।)भुक्तानीको लागि श्री अकला देवि टेड्रस, आँबुखैरेनी १ वाट पेश भएको निवेदन उपर छलफल गरि गाउँकार्यपालिकाको स्वीकृत इन्धन खर्च शिर्षकवाट भुक्तानी दिने निर्णय गरियो ।

**ख) घ वर्गको इजाजत अनुमती दिने सम्बन्धमा ।**

धम्बु कन्स्ट्रक्सन प्रा.लि., आँबुखैरेनी ३, प्रोपाईटर श्री प्रसाद गुरुङको निवेदन उपर छलफल गरी घ श्रेणीको इजाजत पत्र प्राप्त गर्नको लागि अनुमति प्रदान गर्ने निर्णय गरियो ।

**ग) कर्मचारी सेवा सुविधा सम्बन्धमा ।**

यस आँबुखैरेनी गाउँपालिकाद्धारा सञ्चालित आँबुखैरेनी अस्पतालमा नियमित डायलासिस युनिटमा स्वयंसेवी मेडिकल अफ़िसरको रुपमा नियमित सेवा प्रदान गर्दै आएका स्वयंसेवक मेडिकल अफिसर डा.दिपक रेग्मीलाई ०८१ श्रावण महिनादेखि लागु हुनेगरी मासिक रु.२०,०००/-(अक्षररुपी विस हजार रुपैँया मात्र ।) सेवा सुविधा उपलब्ध गराउन मिति २०८१/०५/०८ को अस्पताल व्यवस्थापन समितिको

Scanned with CamScanner

निर्णय सहित पेश भएको सिफारिस उपर छलफल गरी समितिको उक्त निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**घ) सेवा प्रवाह व्यवस्थापन सम्बन्धमा ।**

यस आँबुखैरेनी गाउँपालिकाद्वारा सञ्चालित आँबुखैरेनी अस्पतालमा सरसफाईकर्मी पदमा कार्यरत सन्जु जोशी मिति २०८१/०९/२९ देखि २०८१/११/२९ (२ महिना) सुत्केरी विदामा रहेकोमा कार्यालयको सरसफाई कार्य व्यवस्थापन गर्नको लागि निज विदामा रहेको अवधि सम्मको लागि श्रीमाया श्रेष्ठलाई दैनिक ज्यालादारीमा कार्य गर्न लगाउने निर्णय गरीयो ।

**ङ) चिया बगैंचाको गोडमेल/संरक्षण सम्बन्धमा ।**

आँबुखैरेनी गाउँकार्यपालिकाको स्वीकृत कृषि पर्यटनका लागि चिया बगैंचा स्थापना कार्यक्रम खर्च शिर्षकबाट भुक्तानी हुनेगरी आँबुखैरेनी गाउँपालिका वडा नं. ६ स्थित बतासेडाँडामा करिब १५ रोपनी जग्गामा स्थापना गरीएको चिया बगैंचाको गोडमेलका लागि ४ जना स्थानीय बासीलाई डोर हाजीरीमा कार्य गर्न लगाउने निर्णय गरीयो ।

**च) व्यवसाय कर निर्धारण सम्बन्धमा ।**

यस आँबुखैरेनी गाउँपालिकाको राजश्व परामर्श समितिको निर्णय बमोजिम तपशिल बमोजिम मनोरञ्जनात्मक व्यवसाय कर निर्धारण गर्ने निर्णय गरियो ।

**तपशिल :**

| उद्योग/व्यवसाय को विवरण | करको श्रेणी (क) ५० लाख भन्दा माथि | | करको श्रेणी (ख) २५ लाख देखि ५० लाख सम्मको | | करको श्रेणी (ग) १० लाख देखि २५ लाख सम्म | |
|---|---|---|---|---|---|---|
| | दर्ता | नविकरण | दर्ता | नविकरण | दर्ता | नविकरण |
| स्केट पार्क | २५,००० | १५,००० | १५,००० | १०,००० | ७,००० | ५,००० |
| फुटसल | २०,००० | १५,००० | १५,००० | १०,००० | १०,००० | ५,००० |

**छ) ज्यालादारीमा जनशक्ति व्यवस्थापन सम्बन्धमा ।**

यस आँबुखैरेनी गाउँपालिकाद्वारा सञ्चालित आँबुखैरेनी अस्पतालमा दन्त तथा मुख स्वास्थ्य सेवा सञ्चालन गर्ने भनि अघिल्लो कार्यपालिका बैठकको निर्णय बमोजिम सेवा सञ्चालन गर्नको लागि तपशिल बमोजिम आवश्यक जनशक्ति अर्को व्यवस्था नभईन्जेल सम्मको लागि डोरहाजिरीमा व्यवस्थापन गर्ने निर्णय गरीयो । साथै उक्त कर्मचारीहरुलाई सेवा सुविधा बापत मासिक जम्मा रु.१५,०००/- (अक्षररुपी पन्ध्र हजार रुपैंया मात्र ।) उपलब्ध गराउने निर्णय गरीयो ।

**तपशिल :**

- डेन्टल हाइजेनिस्ट : २ जना

Scanned with CamScanner